# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र संख्याः धि.व.सि.धि.व्य.नि.२०८३/८४
चलानी नम्बरः १०६१

मितिः २०८३/०६/२३

श्री सम्पुर्ण सूचिकृत कम्पनीहरू।

बिषयः निर्देशनलाई परिमार्जन/संशोधन/थप गरिएको सम्बन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने उद्देश्यको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट मिति २०८३/०५/०९ मा जारी भएको निर्देशनमा देहाय बमोजिमको परिमार्जन/संशोधन/थप गरिएको छ।

| साविकको निर्देशन | संशोधित निर्देशन |
|---|---|
| १. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत भएका कम्पनीहरूको उक्त कम्पनीका कुनै आधारभूत शेयरधनीहरूले आफूले धारण गरेको शेयरको ५ (पाँच) प्रतिशत वा सो भन्दा बढी शेयर बिक्री गर्ने भएमा बिक्री गर्न चाहेको शेयरको बिक्री गर्नु भन्दा पन्ध्र दिन अगावै सम्वन्धित कम्पनीलाई जानकारी गराई सो सूचना(सूचनाको वैधता तीनमहिना अवधि कायम रहनेछ) नेप्से मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने। | १. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत भई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को व्यवस्था बमोजिम लकईन अवधि समाप्त भए पश्चात उक्त कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशनको बखत कायम रहेका आधारभूत शेयरधनीहरूले आफुले धारण गरेको शेयरको १५(पन्ध्र) प्रतिशत वा सो भन्दा बढी शेयर बिक्री गर्नुपर्ने भएमा सो सम्बन्धी सूचना पाँच कारोबार दिन अगाडि सम्बन्धित कम्पनीलाई जानकारी गराउनुपर्ने र सूचीकृत कम्पनीले धितोपत्र बिक्री सूचना प्राप्त भए पश्चात यथाशीघ्र नेपाल स्टक एक्सचेञ्ज लि. मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने। उक्त धितोपत्र बिक्री आशयको सूचनाको वैधता तीनमहिना अवधि कायम रहनेछ ।<br><br>१ (क). निर्देशन नं. १ बमोजिम धितोपत्र बिक्री गर्ने आशयले सूचीकृत कम्पनी मार्फत सूचना प्रवाह गरेका शेयरधनीले आफूले बिक्री गर्न चाहेको शेयर बिकि नगरेको वा पूर्णरूपमा बिक्री नगरिसकेको अवस्थामा पूनः सोही कम्पनीको शेयर खरिद गर्ने भएमा कारोबार सम्पन्न भए पश्चात यथाशिघ्र सो |

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५२५४०५७, ५२५३१६२, ५४४४०७७, फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

| | |
|---|---|
| | सम्बन्धी विवरण (मूल्य तथा परिमाण) उल्लेख गरी सूचीकृत कम्पनीमा जानकारी गराउनुपर्नेछ र सूचीकृत कम्पनीले प्राप्त धितोपत्र खरिद सम्बन्धी जानकारी यथाशीघ्र नेपाल स्टक एक्सचेञ्ज लि. मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने । |

भवदीय,

२०८३/६/२२
(विनयदेव आचार्य)
कार्यकारी निर्देशक

बोधार्थः

१. श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।
२. श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।
३. श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।
४. श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।
५. श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरवार प्लाजा, काठमाण्डौ ।
६. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं।